त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय, कीर्तिपुर

**स्नातक तह खाद्य प्रविधि B.Tech. (Food Technology) विषयको प्रवेश परीक्षा को आवेदन सम्बन्धमा अत्यन्त जरुरी सूचना**

त्रिभुवन विश्वविद्यालय विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गतका आङ्गिक क्याम्पस तथा सम्बन्धन प्राप्त कलेजहरूमा सेमेस्टर प्रणाली अन्तर्गत ग्रेडिङ पद्दति अनुरुप पठनपाठन हुने विज्ञानतर्फ आठ सेमेस्टरको स्नातक तह खाद्यप्रविधि B.Tech. (Food Technology) कार्यक्रममा भर्ना हुन इच्छुक विद्यार्थीहरूका निमित्त २०८३ सालको भर्नाका लागि २०८३ असार १८ गते सूचना प्रकाशित भएकोमा सोमा तपसिल बमोजिमको थप व्यवस्था गरिएको बेहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

**मान्यता प्राप्त शिक्षण संस्था वा माध्यमिक विद्यालयबाट विज्ञान विषय लिई कक्षा १२ वा सो सरहको परीक्षामा बढीमा दुई विषयमा अनुत्तीर्ण Non Graded (NG) भई ग्रेड सुधारका लागि परीक्षा दिई नतिजा प्रकाशित हुन बाँकी रहेका परीक्षार्थीहरुले समेत आवेदन दिन तथा प्रवेश परीक्षामा सामेल हुन पाउनेछन् । त्यस्ता परीक्षार्थीले तोकिएको न्यूनतम योग्यता पूरा गर्न नसकेमा भर्ना हुन पाउनेछैनन् ।**

प्रवेश परीक्षासम्बन्धी अन्य व्यवस्था पूर्व प्रकाशित सूचनानुसार नै हुनेछ ।

मिति : २०८३।०३।२२

विज्ञान तथा प्रविधि अध्ययन संस्थान डीनको कार्यालय कीर्तिपुर २०४५

डीन